## चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावज्यूहरु,

मिति २०७८/११/०९ मा बसेको सञ्चालक समितिको ११५ औं बैठकको निर्णयानुसार यस कम्पनीको चौथो वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोहुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा आफू स्वयम् वा रितपूर्वकको प्रतिनिधि वा अनलाईन माध्यम मार्फत् उपस्थित हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०७८/१२/०६ गते, आइतवार

स्थान : रेडिसन होटल काठमाडौं

समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरुः**

(क) सामान्य प्रस्ताव :

१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७६/७७ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु स्वीकृत गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा ११३ बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा (हालका लेखापरीक्षक श्री श्याम कार्की एण्ड कम्पनी पुनः नियुक्तिका लागि योग्य हुनुहुन्न) ।

४. समूह "क" संस्थापक समूहका शेयरधनीका तर्फबाट एक जना सञ्चालक एवम् स्वतन्त्र सञ्चालक नियुक्तिको अनुमोदन गर्ने ।

५. सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकले पाउने बैठक भत्ता वृद्धि गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

६. कम्पनीको नियमावली अनसार समूह "ख" का सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद (दुई) को निर्वाचन गर्ने ।

७. सञ्चालक समितिको निर्णयहरु अनुमोदन गर्ने ।

(ख) विशेष प्रस्तावः

१. कम्पनीको प्रवन्धपत्र/नियमावलीमा प्रस्ताव भए बमोजिम आवश्यक संशोधन गर्ने ।

२. कम्पनीको प्रवन्धपत्र/नियमावलीको प्रस्तावित संशोधन नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सो लाई समाविष्ट गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

३. कम्पनीले आ.व. २०७६/७७ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कोभिड प्रभावितलाई सहयोग गर्न नेपाल सरकारलाई प्रदान गरेको आर्थिक सहायता वापतको रकम रु. ७,५०,०००।- कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) बमोजिम अनुमोदन गर्ने ।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

## साधारण सभा सम्बन्धी जानकारी

१. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्वन्धी निवेदन २०७८ चैत्र ०२ गते बुधवारभित्र यस कम्पनीको प्रधान कार्यालय कमलादी, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

२. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वत: रद्ध हुनेछ ।

३. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

४. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषयबारे कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित जानकारी दिनुपर्नेछ । त्यस्तो विषय सञ्चालक समितिको अध्यक्षलाई उचित लागेमा मात्र छलफलको लागि समावेश गर्नुपर्नेछ ।

५. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैंले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट उत्तर दिइनेछ ।

६. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिर पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ९:३० बजेदेखि खुला रहनेछ ।

७. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदनका लागि यस कम्पनीको कमलादीस्थित प्रधान कार्यालयमा सम्पर्क गर्नु हुन सूचित गरिन्छ । वार्षिक प्रतिवेदन यस कम्पनीको वेबसाइट www.prabhulife.com मा समेत उपलब्ध हुने व्यहोरा सुचित गराइन्छ ।

८. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेशपत्र वा नागरिकताको प्रमाणपत्र वा शेयर प्रमाणपत्र लिई आउनु हुन अनुरोध गरिन्छ । शेयर अभौतिकिकरण गराई सक्नुभएका शेयरधनी महानुभावहरुको हकमा DEMAT खाता नम्बर र सक्कल आधिकारिक परिचय पत्र अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ । कोभिड-१९ को सावधानीको लागि सभामा उपस्थित हुनुहुने शेयरधनी महानुभावहरुले मास्क अनिवार्य प्रयोग गर्नुपर्नेछ । साथै, भर्चुअल रुपमा सभामा सहभागी हुन तथा सभामा आफ्नो राय, सुझाव तथा जिज्ञासा राख्न चाहने शेयरधनी महानुभावहेरुको लागि शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफ्नो नाम, शेयरधनी नम्बर वा DEMAT A/C सहित सभा हुने दिनभन्दा कम्तीमा १ दिन अगावै Meeting ID र Password का लागि agm@prabhulife.com मा इमेल पठाउनु पर्नेछ । शेयरधनीहरुको पहिचान पश्चात् निजहरुलाई Link/Meeting ID/Password उपलब्ध गराइनेछ ।

९. उल्लेखित साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेजको काम २०७८ साल फागुन महिना २३ गते सोमवार (०७ मार्च २०२२) का दिन बन्द रहनेछ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा २०७८ फागुन २२ गते आइतवारसम्म कारोवार भइ शेयरधनी कितावमा कायम शेयरधनीहरु सभामा भाग लिन योग्य हुनेछन् ।

१०. सञ्चालक निर्वाचन सम्वन्धी जानकारी यस कम्पनीको प्रधान कार्यालय कमलादी स्थित निर्वाचन अधिकृतको कार्यालयको सूचनापाटी र यस कम्पनीको वेभसाइटमा समेत उपलब्ध हुनेछ ।

११. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।